**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - १७**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ असार ३ गते मंगलबार**

---

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको सत्रौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **दिनको १:१० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले सत्ता पक्ष र प्रमुख प्रतिपक्ष दलका नेताहरूले बोल्नका लागि समय माग गर्नु भएको जानकारी गराउँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**माननीय दीनानाथ शर्मा**ले राष्ट्रिय सभामा पेश भई छलफलको प्रक्रियामा रहेको गुठी विधेयकको सम्बन्धमा प्रतिनिधि सभामा विरोधका आवाजहरू उठी सदन अवरुद्ध गर्नु राष्ट्रिय सभाको क्षेत्राधिकारमा हस्तक्षेप हुनुका साथै लोकतान्त्रिक मूल्यमान्यता र संस्कृति विपरीत भएको भन्दै खेद व्यक्त गर्नुभयो ।

**माननीय सुरेन्द्रराज पाण्डे**ले सदनमा पेश भएका राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धी विधेयक, राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी विधेयक, सूचना प्रविधि सम्बन्धी विधेयक लगायतका विधेयकहरूमा सरोकारवालाहरूबाट विरोध भएको बताउँदै गुठी केवल जग्गा मात्र नभई यो परम्परा, सभ्यता र धर्म-संस्कृति पनि भएकोले गुठी विधेयक भूमाफियाको चङ्गुलमा बनेको भन्दै फिर्ता लिन सरकारलाई आग्रह गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६" माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यहरूबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउँदै माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठलाई "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६" सभा समक्ष पेश गर्न अनुमति दिनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले अर्को बैठक सम्वत् **२०७६ साल असार १० गते मङ्गलबार दिनको १:०० बजे** बस्ने गरी **दिनको १:५० बजे** सभाको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव